## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २१ जून २०२६**

समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल सरकारले विधानसभामा आफ्नो पहिलो पूर्ण बजेट, २०२६-२७ प्रस्तुत गरेको छ | बजटमा सरकारले विभिन्न कल्याणकरी योजनाहरुको घोषणा गरेको छ|

- पश्चिम बङ्गाल सरकारले आज राज्यको बजट पेश गर्दै प्रत्येक वर्ष 6 जुलाईको दिन डा. श्यामा प्रसाद मुखर्जीको जयन्तीको अवसरमा राज्यभरि नै सरकारी अवकाश रहने घोषणा गरेको छ।

- जलपाईगुडी जिल्लाको जल्दाबाड़ीमा भएको सडक दुर्घटनामा मृत्यु हुनेको संख्या ६ पुगेको छ। मृतकहरूमा दुई महिला र एक बालक समिल छन्।

- खरसाङमा कवि लेकनाथ खालिङद्वारा लिखित पहिलो कविता सङ्ग्रह 'हेन्खामा' को लोकार्पण सम्पन्न भएको छ।

- गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (GNLF) दार्जिलिङ शाखाका सदस्यहरूले आज पार्टीका संस्थापक अध्यक्ष तथा स्वर्गीय सुभाष घिसिङको ९०औँ जन्मजयन्ती विभिन्न कार्यक्रमका साथ पालन गरेको छ।

**पश्चिम बंगल वजट**

रोजगारी र जनकल्याणलाई प्रवर्द्धन गर्दै, पश्चिम बंगाल सरकारले आफ्नो पहिलो पूर्ण बजेट, २०२६-२७ मा विभिन्न राज्य विभागहरूमा १ लाख रिक्त पदहरू भर्ने योजनाको घोषणा गरेको छ। वित्तमन्त्री स्वपन दासगुप्ताले आज प्रस्तुत गर्नुभएकोको प्रस्तावमा यी नयाँ नौकरिहरु ३३ प्रतिशत महिलाहरूको लागि आरक्षित गरिने बताउनुभयो | यसमा शिक्षक र शिक्षा विभागका कर्मचारीहरूका लागि ५० हजार पदहरू र पुलिस विभागमा २० हजार नियुक्तिहरू समावेश छन्।

नोकरी खोज्नेहरूलाई सहयोग गर्न, सरकारले हालको पाँच वर्षको उमेर छुटलाई थप दुई वर्ष बढाउँने निर्णय गरिएको छ। आवश्यकता अनुसार अग्निवीरहरूको लागि १० प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ।

बजेटले राज्य सरकारी कर्मचारी र पेन्सनभोगीहरूलाई पनि उल्लेखनीय राहत प्रदान गरेको छ। राज्य कर्मचारीहरूको लागि महँगी भत्ता २० प्रतिशतले बढाइएको छ, जसले गर्दा यस वर्षको १ अक्टोबर देखि महँगी भत्ता ३८ प्रतिशत हुनेछ। पेन्सनभोगीहरूले पनि महँगी भत्तामा २० प्रतिशत वृद्धि पाउनेछन्। सिविक वॉलंटियर्स, होम गार्ड, ग्रीन पुलिस कर्मचारी र एनभीएम कर्मचारीहरूको मासिक मानदेय दुई हजार रुपियाँले बढाइएको छ। राज्यका आशा कर्मीहरुको वेतन पनि प्रति महिना ५ हजार रुपियाँले बढाईएको छ|

कल्याणकारी कार्यहरूका लागि, सरकारले अन्नपूर्ण योजनाको लागि ३६ हजार करोड रुपियाँ तय गरेको छ। राजनीतिक विचारका कारण राजनीतिक अपराधको झूटो आरोप लागेकाहरूका लागि "संग्रामी भत्ता " नामक नयाँ भत्ता सुरु गरिएको छ। स्थानीय विकास पहलहरूलाई सुदृढ पार्न, विधायक स्थानीय क्षेत्र विकास कोष प्रति निर्वाचन क्षेत्र ७० लाखबाट बढाएर १ करोड गरिएको छ।

**बाईट**

**पूर्वाधार क्षेत्रमा, राज्य सरकारले कोलकाता क्षेत्रको लागि कल्याणी नजिकै नयाँ ग्रिनफिल्ड विमानस्थल प्रस्ताव गरेको छ र यस परियोजनाको लागि १ हजार देखि १ हजार ५०० हजार एकड जमिन पहिचान गर्ने योजना बनाएको छ। पुरुलिया, बालुरघाट र मालदामा क्षेत्रीय विमानस्थलहरू पनि प्रस्ताव गरिएको छ।**

**बजेटमा दुई प्रमुख रक्षा केन्द्रहरूको विस्तार र विकासलाई सहयोग गर्न हासिमारा वायुसेना स्टेशनलाई २५ एकड र कलाईकुंडा वायुसेना स्टेशनलाई ३७ एकड जमिन छुट्याउने प्रस्ताव पनि गरिएको छ।**

**बजट पेश गर्दै वित्तमंत्री स्वपन दास गुप्तले राज्यमा तीन नयाँ नगरपाली गठन गरिने प्रस्ताव गर्नु भयो। सिलगडीको शिवमंदिरलाई नगरपालीका बनाईने उत्तरबंगाको Gazole र Chanchal पनि नगरपालीका बनाईने छ।**
**सरकारले ग्रामीण रोजगारी प्रवर्द्धन गर्न १२५ दिने ग्रामीण कार्य योजनालाई विस्तार गर्ने निर्णय गरेको छ। यसमा २५ लाख थप लाभार्थीहरू सामेल हुनेछन्। उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूलाई प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा सहयोग गर्न एकमुस्ट २५ हजार रुपियाँको आर्थिक सहायताको घोषणा गरिएको छ। बेरोजगार युवाहरूका लागि "नयाँ भरोसा योजना" सुरु गरिनेछ, जस अन्तर्गत योग्य बेरोजगार स्नातकहरूलाई प्रति महिना ३ हजार र अन्य योग्य बेरोजगार व्यक्तिहरूलाई प्रति महिना २ हजार प्रदान गरिनेछ ।**
**राज्य सरकारले स्वास्थ्य सेवा विस्तारमा पनि विशेष जोड दिएको छ। आयुष्मान भारत योजनाको लागि ३ हजार १०० करोडको व्यवस्था गरिएको छ। सरकारले राज्यका लगभग ७ करोड मानिसहरू यस योजनाबाट लाभान्वित हुने अनुमान गरेको छ ।**
**राज्य बजटमा सिलिगुडी अनि जल्पईगुडी बीच मेट्रो सेवा संचालन गर्ने प्रस्ताव पनि पेश गरिएको छ साथै सिलगडी IT पार्कको विकासको लागि २६ करोड अवंटन गरिएको छ|**
**राज्य बजेटमा टिस्टा ब्यारेज परियोजनालाई 11 हजार करोडको स्वीकृति प्राप्त भएको छ। कोचबिहार, जलपाइगढी, दार्जीलिङ र उत्तर दिनाजपुरको 3.42 लाख हेक्टर क्षेत्रलाई सिँचाईको लाभ प्राप्त हुनेछ।**
**बजेटमा उत्तर बंगालमा AIIMS अस्पताल र क्यान्सर स्पेशियलिटी अस्पताल स्थापना गर्ने प्रस्ताव पेश गरियो।**
**सिलगढीमा अन्तरराष्ट्रीय स्तरको स्टेडियम र इण्डोर स्टेडियमका लागि 20 करोड रूपियाँ आवन्टित गर्ने आजको बजेटमा प्रस्ताव पेश गरियो।**
**लाभामा नयाँ फायर ब्रिगेड स्टेशन बनिने र दार्जीलिङको डाली स्टेशनलाई बढोत्तरी गरिइने राज्य बजेटमा घोषणा गरिएको छ।**
**राज्य बजेटमा दार्जीलिङ र कालेबुङमा स्प्रिङ शेड वा झरना धारा पुरस्थापनाका लागि 50 करोड रूपियाँ आवण्टित गरिएको छ।**
**राज्य बेजटमा उत्तर बंगालमा एम्स र क्यान्सर अस्पताल निर्माण गरिइने घोषणा पनि गरिएको छ।**

**6 जुलाई सरकारी अवकाश**

पश्चिम बङ्गाल सरकारले आज राज्यको बजट पेश गर्दै एउटा महत्वपूर्ण घोषणा गरेको छ। अब प्रत्येक वर्ष 6 जुलाईको दिन डा. श्यामा प्रसाद मुखर्जीको जयन्तीको अवसरमा राज्यभरि नै सरकारी अवकाश रहनेछ। यस वर्ष 6 जुलाईमा उनको 125औं जयन्ती पालन गरिने छ।
राज्य सरकारले बताए अनुसार पश्चिम बङ्गालको इतिहास अनि निर्माणमा डा. श्यामा प्रसाद मुखर्जीको महत्वपूर्ण योगदानलाई सम्मान दिनका लागि यो निर्णय लिइएको हो।

**पश्चिम बंगाल बस दुर्घटना**

जलपाईगुडी जिल्लाको जल्दाबाड़ीमा भएको सडक दुर्घटनामा मृत्यु हुनेको संख्या ६ पुगेको छ। मृतकहरूमा दुई महिला र एक बालक समिल छन्। जलपाईगुडी मेडिकल कलेज अस्पतालमा २५ जना घाइते यात्रीहरुको उपचार भइरहेको छ। प्रत्यक्षदर्शीहरूका अनुसार, लगभग ३२ जना यात्री बोकेको उत्तर बंगाल राज्य परिवहन निगमको बसलाई स्टेशनरी ट्रकले पछाडिबाट ठक्कर दिएको थियो। घटनाको जानकारी पाएर पुलिस, जिल्ला प्रशासनका अधिकारीहरू र स्थानीय बासिन्दाहरूले तुरुन्तै उद्धार र राहत कार्य सुरु गरेको थियो।
राज्यका परिवहन मन्त्री आनन्दमय बर्मनले दुर्घटनास्थल र अस्पतालको भ्रमण गर्नुभयो। उहाँले मृतकका परिवारलाई सहानुभूतिपूर्ण सहयोग र घाइतेहरूलाई सबै सम्भव चिकित्सा सहायताको आश्वासन दिनुभएको छ। पर्यटन मन्त्री डा. शंकर घोषले पनि घाइतेहरू सँग भेट गर्नुभयो। मुख्यमन्त्री सुवेन्दु अधिकारी र दुई मन्त्रीहरूले मृतकहरूप्रति समवेदना व्यक्त गर्नुहुदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो।
सरकारले दुर्घटनामा मृत्युहुनेको प्रतेक परिवारलाई पाँच लाख रुपियाँ आर्थिक सहयोगको घोषणा गरेको छ साथै गम्भीर घाइतेलाई एक लाख रुपियाँ र सामान्य घाइतेलाई ५० हजार रुपियाँ दिइनेछ। घाइतेको उपचारको सम्पूर्ण खर्च पनि राज्य सरकारले वहन गर्ने छ।

**'हेन्खामा'**

खरसाङमा कवि लेकनाथ खालिङद्वारा लिखित पहिलो कविता सङ्ग्रह 'हेन्खामा' को लोकार्पण सम्पन्न भएको छ। खरसाङको गोर्खा जनपुस्तकालय भवनको डा पारसमणि प्रधान प्रेक्षागृहा सम्पन्न लोकार्पण कार्यक्रममा सभाध्यक्षको रुपमा आकाशवाणी खरसाङको पूर्व कार्यक्रम प्रमुख पारसचन्द्र आले उपस्थित रहेका थिए भने प्रमुख अतिथिको रुपमा साहित्य अकादमी नेपाली भाषा परामर्श समितिकी सदस्या एंव गोर्खा सांस्कृतिक संस्थान् खरसाङकी अध्यक्षा आशा मुखिया लामा उपस्थित रहेका थिए। कवि एवं पत्रकार हनोक थापाले सञ्चालन गरेको कार्यक्रममा कवि लेकनाथ खालिङद्वारा लिखित पहिलो कविता सङ्ग्रह 'हेन्खामा' को सभाध्यक्ष पारसचन्द्र आले, प्रमुख अतिथि आशा मुखिया लामा, विशिष्ट अतिथिहरु क्रमैले आकाशवाणी खरसाङको कार्यक्रम सह निर्देशक राजीव सुब्बा, समाजसेवी तिलक शर्मा, गोर्खा

जनपुस्तकालयको उपाध्यक्ष प्रकाश प्रधान, लालिमा परिवारका सभापति डीबी मंगर, साहित्यकार दिपक ठटाल, खरसाङ महकुमा खेलकूद संघको सचिव निर्मल गुरुङ, आकाशवाणी खरसाङको कार्यक्रम निष्पादकहरु क्रमैले मनन तामाङ, मिङमा दोर्जे, योजना मोहोरा र कवि लेकनाथ खालिङ आदिको बाहुलीबाट लोकार्पण गरिएको छ। कार्यक्रममा पुस्तक लोकार्पणको घोषणा प्रमुख अतिथि आशा मुखिया लामाले गरेकी थिइन्। कार्यक्रममा कवि लेकनाथ राईले कार्यक्रममा उपस्थित सबैप्रति आभार प्रकट गर्दै आफ्नो  लोकार्पण गरिएको पुस्तकबाट दुईवटा कविता वाचन गरेका थिए। कार्यक्रममा लोकार्पण गरिएको पुस्तक 'हेन्खामा' माथि साहित्यकार एवं प्राध्यापक डीबी मंगरले समीक्षात्मक टिप्पणी राखेका थिए।

**गोर्खा राष्ट्रिय मुक्ति मोर्चा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (GNLF) दार्जिलिङ शाखाका सदस्यहरूले आज पार्टीका संस्थापक अध्यक्ष तथा स्वर्गीय सुभाष घिसिङको ९०औँ जन्मजयन्ती विभिन्न कार्यक्रमका साथ पालन गरेको छ। उक्त कार्यक्रममा गोरामुमो केन्द्रीय समितिका सदस्यहरू तथा पार्टीका वरिष्ठ नेताहरू उपस्थिति रहेको थियो।
कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले स्वर्गीय सुभाष घिसिङको दर्शन, दूरदर्शिता र राजनीतिक सोच आजको समयमा पनि उत्तिकै सान्दर्भिक रहेको बताएका छन्। उनीहरूले घिसिङले भारतीय गोर्खाहरूको पहिचान, अधिकार र राजनीतिक समाधानका लागि देखाएको मार्गदर्शन अझै पनि प्रेरणाको स्रोत बनेको उल्लेख गरे।
यस अवसरमा पार्टीले हालै राज्यपाल आर.एन. रविले दार्जिलिङ पहाडी क्षेत्रको राजनीतिक समाधान सम्बन्धमा दिएको वक्तव्यको स्वागत गरेको छ। नेताहरूले उक्त अभिव्यक्तिलाई सकारात्मक संकेतका रूपमा लिँदै आगामी केही महिनाभित्र भारतीय गोर्खाहरूको दीर्घकालीन राजनीतिक समाधानतर्फ महत्वपूर्ण प्रगति हुने अपेक्षा व्यक्त गरेका छन्।

**भाजपा जिल्ला परिषद्को बोर्ड गठन**

आज पश्चिम बंगालको राजनीतिमा एउटा नयाँ अध्याय थपिएको छ| भारतीय जनता पार्टीले राज्यमा पहिलो पटक जिल्ला परिषद्को बोर्ड गठन गरेर महत्वपूर्ण राजनीतिक सफलता हासिल गरेको छ। पूर्वा मेदिनीपुर जिल्ला परिषद् अब भाजपा समर्थित सदस्यहरूद्वारा शासित हुने भएको छ।
स्रोत अनुसार, जिल्ला परिषद्का सबै सदस्यहरूले सर्वसम्मतिले बामदेव गुछैतलाई अध्यक्ष र बांसुरी पंडितलाई सहायक अध्यक्षमा निर्वाचित गरेको छ। दुवै नेताको निर्वाचनपछि पार्टी कार्यकर्ता र समर्थकहरू उत्साह देखिएको छ।

**********